# राज्य व्यवस्था तथा सुशासन समिति

बैठक सङ्ख्याः २९

मितिः **२०८१/०२/१७ गते बिहिवार**

समयः **बिहान ११:०० बजे**

**निर्णय**

संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल गर्ने कार्यसूची बमोजिम समितिको आजको बैठकमा देहायबमोजिमको निर्णय भयोः-

१. संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक (यसपछि "विधेयक" भनिएको) को दफा १ मा रहेको "२०७९" भन्ने अङ्कहरुको सट्टा "२०८१" भन्ने अङ्कहरु राख्ने।

२. विधेयकको दफा २ बाट प्रस्तावित दफा ६ को,-

(१) उपदफा (८) झिकी त्यस पछिको उपदफाक्रम मिलाउने।

(२) उपदफा (११) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राख्नेः-

"(१०) उपदफा (२) वा (७) बमोजिम परिषद्को बैठक बस्ने मिति, समय र स्थानको जानकारी सचिवले सदस्यलाई पत्रमार्फत र विद्युतीय माध्यमबाट समेत गराउनु पर्नेछ।"

(३) उपदफा (११) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (१०) पछि देहायको उपदफा (११) थपी त्यसपछिको उपदफाक्रम मिलाउनेः-

"(११) परिषद्को बैठकमा कुनै सदस्य उपस्थित हुन नसक्ने भएमा उपस्थित हुन नसक्ने कारण सहितको जानकारी बैठक बस्ने समयभन्दा चौबिस घण्टा अगावै निजले अध्यक्षलाई गराउनु पर्नेछ।"

3. संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयकमाथि दफाबार छलफल सम्पन्न भयो। बैठकमा विधेयक संशोधन सहित सर्वसम्मतिले पारित भयो। विधेयकसम्बन्धी समितिको प्रतिवेदन प्रतिनिधि सभाको आगामी बैठकमा पेश गर्ने निर्णय भयो।